सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ५ संख्या : ४८ मितिः चैत्र २६ गते, २०७८**

## भाग- २

## लागत सहभागितमा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना**

नगरपालिका भित्र स्थानीय उपभोक्ता र नगरपालिका बीचमा लागत सहभागितामा नाली निर्माण, सडक स्तारोन्नती तथा कालोपत्रे र अन्य पूर्वाधारका कार्यक्रम संचालनका लागि लागि स्थानीय सरकार ऐन, २०७४ को दफा १०२(२) र सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी सिद्धार्थनगर नगरपालिकाले यो **लागत सहभागितमा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७८** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

### भाग १

**सक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम **लागत सहभागितमा पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७८** रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागु हुनेछ।

१. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस यस कार्यविधिमा,

१) "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पर्दछ।

२) "नियमावली" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

३) "आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ।

४) "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिकालाई सम्झनु पर्दछ।

५) "नगर सभा" भन्नाले संविधानको धारा २२३(१) बमोजिमको नगरसभा सम्झनु पर्दछ।

६) "नगर कार्यपालिका" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिमको नगरकार्यपालिका सम्झनु पर्दछ।

७) "समिति" भन्नाले लागत सहभागितामा संचालन गरिने सडक कालोपत्रे कार्यक्रमलाई व्यवस्थित गर्न यसै कार्यविधि बमोजिम गठन गरिएको समिति सम्झनुपर्दछ।

८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धार्थनगर नगरपालिकाको कार्यालयमा कार्यरत एनेको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ।

९) "लागत सहभागिता" भन्नाले स्थानीय उपभोक्ता वा टोल विकास संस्था वा अन्य संगठित समूहहरुको कार्यपालिकाले तोकेको कम्तिमा पच्चीस प्रतिशत लागत सहभागिता र बाँकी नगरपालिकाको लागत सहभागिता रहने बुझ्नु पर्दछ।

२. **कार्यविधिको उद्देश्य**

यस कार्यविधिको उद्देश्य नगरपालिका क्षेत्र भित्र स्थानीय उपभोक्ता वा टोल विकास संस्था वा अन्य संगठित समूहहरुको कम्तिमा पच्चीस प्रतिशत लागत सहभागिता र नगरपालिकाको लागत सहभागितामा प्रतिस्पर्धाका आधारमा सडक कालोपत्रे गर्नु रहको छ।

## भाग–२

## कार्यक्रम तर्जुमा कार्यान्वयन र अनुगमन मुल्यांकन सम्बन्धी व्यवस्था

३. लागत सहभागितामा सडक कालोपत्रे गर्ने कार्यक्रमको सम्पूर्ण पक्षको मार्गदर्शन तथा योजनाको छनौटका लागि देहाय बमोजिमको एक समितिको गठन गरिनेछ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) नगरपालिका उपप्रमुख - सदस्य

सिद्धार्थनगर नगरपालिका

(ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ङ) योजना महाशाखा प्रमुख - सदस्य सचिव

१) समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

२) समितिको नियमित वैठकमा सम्बन्धित कुनै पदाधिकारी वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

४. कम्तिमा पच्चीस प्रतिशत लागत सहभागितामा पूर्वाधार निर्माण गर्नका लागि नगर सभाले विनियोजन गरेको बजेटको सीमालाई आधार मानी समितिले योजना छनौट गर्नेछ ।

५. स्थानीय उपभोक्ताहरुलाई प्रत्यक्ष लाभ पुग्ने देखिएका सडकहरु मध्ये लागत अनुमान तयार गरी जुन उपभोक्ता समूहले कम्तिमा पच्चीस प्रतिशत लागत सहभागिता जुटाइ नगरपालिकाको खातामा रकम जम्मा गरेको भौचर सहित कार्यक्रम माग गर्छ सो उपभोक्ता समूहलाई पहिलो प्राथमिकता दिइ क्रमशः योजना छनौट गरिनेछ ।

६. नगरपालिकाले आवश्यक ठानेमा लागत सहभागिताका योजनाहरु पेश गर्न स्थानीय समुदाय/उपभोक्ताहरुको लागि निश्चित अवधिको सूचना दिइ समयावधि तोक्न सक्नेछ ।

७. नगरपालिकामा कुनै एक आर्थिक बर्षमा विनियोजन भएको रकम अपुग भइ माग भए बमोजिमका योजना स्वीकृती दिन नसकिने भएमा प्राथमिकताका आधारमा क्रमशः आगामी आर्थिक बर्षमा विनियोजन गरिने बजेटबाट त्यस्ता योजनाका लागि बजेट विनियोजनको सुनिश्चितता गरिनेछ ।

८. लागत सहभागितामा पूर्वाधार निर्माण गर्दा सडकको हकमा सामान्यतया कम्तिमा ४ मिटर चौडाइ सहित १०० मिटर भन्दा बढि लम्बाइ भएको सडकलाई छनौट गरिनेछ । साथै सडक कालोपत्रेसंगै नालि, स-साना कल्भर्ट, सडक पेटी निर्माण गर्नुपर्ने भएमा उक्त निर्माण कार्यहरु समेत सडक कालोपत्रेको एउटै प्याकेजमा समावेश गर्नुपर्नेछ । साथै सो सडकलाई वातावरणमैत्री बनाउन दुवै तर्फ रुख रोप्न स्थानीयबासीहरुलाई प्रोत्साहित गरिनेछ ।

९. कार्यक्रमको छनौट गर्दा नगरसभाबाट पारित भएको योजनालाई प्राथमिकता दिइनेछ ।

१०. नगरपालिका कार्यालयबाट विस्तृत लागत अनुमान तयार गरेपछि मात्र योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

११. योजनाको कार्यान्वयन ऐन, नियम, आर्थिक नियम तथा अन्य प्रचलित कानून बमोजिम उपभोक्ता समिति वा ठेक्कापट्टाबाट गरिनेछ ।

१२. प्रचलित कानून बमोजिम अनुगमन तथा मूल्यांकन तथा योजनाको जांचपास तथा फरफारक गरिनेछ ।

## भाग–३

## विविध

१३. यस कार्यविधिमा उल्लेखित कुराहरुमा  छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले गर्न सक्नेछ ।

१४. यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५. यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले

तुल्सीराम मरासिनी

प्रमुख प्रशासकिय अधिकृत

सिद्धार्थनगर नगरपालिका